वागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
भैसेपाटी, ललितपुर, नेपाल

प.सं.- ०८३/०८४
च.नं.-

मितिः २०८३/०८/१०

सूचना

चालु आ.व. २०८३/०८४ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्ला सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) का लागि सहयोग कार्यक्रम रहेकोले (सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापना निर्देशिका, २०७८ बमोजिम" जिल्ला सेवा केन्द्र/ सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) ले देहायको कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (२०८३/०८/१६ गतेसम्म कार्यालय समय भित्र) यस कार्यालयमा प्रस्ताव सहित आवेदन पेश गर्न पुनः (दोस्रो पटक) यो सूचना प्रकाशित गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु

कार्यक्रमको नाम	संघ संस्थाले पेश गर्नुपर्ने कागजातहरु
जिल्ला सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र संचालन गर्ने महिला सहकारी संस्थाहरु (Safe House) का लागि सहयोग कार्यक्रम	१. कार्यविधिको अनुसूची १ बमोजिमको अनुदान कार्यक्रहमहरुको प्रस्तावपत्र २. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र नविकरण सहितको करछुट, करचुक्ता, र स्थायी लेखा नं. (Pan no), अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन, (गैसस) समाज कल्याणमा आवद्धता स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रका प्रतिलिपी ३. संस्थाको विधान, संस्थाको संक्षिप्त प्रोफाईल ४. संचालक समितिको निर्णय, संचालक समितिको नामनामेशी विवरण (सम्पर्क नं. सहित) ५. संस्थाको अनुभव, संस्थाले गरेका मुख्य कार्यहरुको विवरण ६. जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र एकिन गर्नुपर्ने ७. चालु आ.व. मा अन्य निकायबाट उल्लिखित शिर्षकमा अनुदानमा बजेट स्वीकृत नभएको व्यहोरा सम्बन्धित स्थानिय तहको सिफारिस ।

कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः

- कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नुपर्ने
- प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्यता तथा अपेक्षित प्रतिफल विचमा सहसम्बन्ध हुनुपर्ने
- संस्था भौतिक पूर्वाधार विवरण सम्बन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख भएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने
- प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको पत्र
- बागमती प्रदेश सरकारको स्वीकृत खर्चको मापदण्ड बमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नुपर्नेछ ।
- म्याद नाघी पेश हुन आएको प्रस्तावपत्र उपर कुनै कार्यवाही हुने छैन साथै चालु आ.व. मा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र यस कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भईसकेका संस्थाले कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्न पाउने छैन ।

रुद्र शर्मा
कार्यालय प्रमुख
कार्यालय प्रमुख

CamScanner